नेपाल सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

(भूमिसुधार शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८२
निर्देशक योजना: ४२२६९८८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८
बबरमहल, काठमाण्डौ


पत्रसंख्या :भू.सु.१/३/१/२०७४-०७५/६२
चलानी नं.: १४०५

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल, काठमाडौं

मितिः- २०७५।०९।१८

विषयः- <u>परिपत्र सम्बन्धमा</u> ।

श्री भूमिसुधार कार्यालय तथा मालपोत कार्यालय सवै ।
श्री मालपोत कार्यालय सवै ।

प्रस्तुत विषयमा जग्गाधनी र मोही बाँडफाँड सम्बन्धमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१ ले दिएको अधिकार प्रयोग गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृति दिने भनी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०८/२४ को निर्णयानुसार नेपाल राजपत्र भाग-५ खण्ड ६८ संख्या ४६ मिति २०७५/०९/१६ मा सूचना प्रकाशित भएको हुँदा उक्त राजपत्रको छायाँप्रति १(एक) यसै साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना अन्तर्गत कार्यालयहरुमा परिपत्र गरी दिनु हुन निर्णयानुसार अनुरोध छ भनि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय(जग्गा प्रशासन) को प.सं.६।१।२ (ज.टी.१९८५(।०७५।७६।३।१नं.४२७ च.नं.१०८४ मिति २०७५।०९।१७ को पत्रबाट लेखि आएकोले सो बमोजिम गर्न गराउन हुन उक्त राजपत्रको छायाँकपी यसैपत्र साथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ ।

(रत्नमान उदास)
शाखा अधिकृत

बोधार्थः-
श्री- सूचना तथा प्रविधि शाखा : उक्त परिपत्र websiteमा राखिदिनु हुन।

# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी नेपाल राजपत्र भाग ५ खण्ड ६६ संख्या २२ मिति २०७३/५/६ को सूचना बमोजिम मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद सो सूचना प्रकाशन भएको मितिले एक वर्ष सम्म तोकेको तथा नेपाल राजपत्र भाग ५ खण्ड ६७ संख्या ३८ मिति २०७४/७/२४ को सूचना बमोजिम त्यसरी निवेदन दिने म्याद पुनः मिति २०७४/५/५ देखि मिति २०७५/५/४ सम्म तोकेकोमा त्यसरी निवेदन दिने म्याद यो सूचना प्रकाशन भएको मितिले एक महिनासम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
गोपीनाथ मैनाली
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३